# बारबर्दिया नगरपालिका

# बारबर्दिया राजपत्र

**बारबर्दिया नगरपालिकाद्धारा प्रथम पटक प्रकाशित**

**खण्डः५ संख्याः२३ प्रकाशन मितिः २०७८/१०/२४**


## भाग-२

## बारबर्दिया नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका परिचालन तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः**

संविधानमा स्वास्थ्य सम्बन्धी अधिकारलाई सवै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य निति, २०७६ को बुँदा नं ६ मा स्वयंसेवाको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा ब्यबस्थापन स्थानीय तहवाट गर्न निर्देशन गरेको छ । नगरपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर, तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सक्रिय भुमिकालाई उच्च मुल्याङ्कन गर्दै समुदायमा सचेतना अभिबृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गर्नका लागि थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बारबर्दिया नगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद — १
## प्ररम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"बारबर्दिया नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका परिचालन तथा ब्यबस्थापन सम्बन्धी कार्यविधि, २०७८"** रहने छ ।

(२) यो कार्यविधि बारबर्दिया नगरपालिका नगरसभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले "बारबर्दिया नगरपालिकाको महिला सामुदयिक स्वास्थ्य स्वंयसेविका परिचालन सम्बन्धी कार्यविधि, २०७८" सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले बारबर्दिया नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "महिला सामुदयिक स्वास्थ्य स्वयंसेविका" भन्नाले बारबर्दिया नगरपालिका भित्र रहेका नियमानुसार छनौट भएका महिला सामुदयिक स्वास्थ्य स्वयंसेविका सम्झनु पर्छ ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले यस नगरपालिका भित्र संचालनमा रहेका नगर अस्पताल, स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रलाई सम्झनु पर्छ ।

(च) "स्वास्थ्य शाखा" भन्नाले बारबर्दिया नगरपालिकामा रहेको स्वास्थ्य शाखा सम्झनु पर्छ ।

(छ) "स्वयंसेविका छनौट समिति" भन्नाले नियमानुसार गठन भएको महिला सामुदयिक स्वास्थ्य स्वयंसेविका छनौट समिति/आमा समुह लाई सम्झनु पर्छ ।

(ज) "नगर प्रमुख" भन्नाले बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले बारबर्दिया नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(ञ) "सेवा सुविधा" भन्नाले संघ, प्रदेश र बारबर्दिया नगरपालिकाबाट स्वीकृत भई महिला स्वास्थ्य स्वयंसेविकालाई प्रदान गर्ने सेवा सुविधा सम्झनु पर्छ ।

**३. उदेश्य**

(क) महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकालाई सेवामा उत्प्रेरणा जगाउन ।

(ख) नगरपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरी निर्धारीत समयमै लक्ष्य हासिल गर्न ।

(ग) स्वास्थ्यको क्षेत्रमा समुदाय स्तरको उन्नति गरी नियमित स्वास्थ्यको प्रगती प्रस गर्न ।

(घ) संघिय, प्रदेशिक तथा नगरपालिकाले निर्धारण गरेको स्वास्थ्य प्रर्वर्द्धन सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न ।

# परिच्छेद — २

## स्वास्थ्य आमा समुह गठन, स्वयंसेविका छनौट, कार्य विवरण, स्वयंसेविका बिदाई तथा सेवा मुक्त हुने अवस्था सम्बनधी ब्यबस्था

### ४. स्वास्थ्य आमा समुह गठन तथा कार्य विवरणः

आमा समुह गठन तथा छनौट गर्ने देहायका आधारहरु निर्धारण गरेकोछ ।

(क) आमा समुह गठनका लागी एउटै टोलका कम्तीमा २५ जना (विवहित महिला,गर्भवती,बच्चाका आमा र सासुहरु) सहभागी भएको समुह हुनु पर्नेछ ।

(ख) पहिले देखिनै गठन भई संचालनमा रहेका आमा समुहहरुलाई नियम ४ (क) अनुरुप हुने गरी पुर्नगठन गर्न सकिने छ ।

(ग) सहभागीहरु मध्येबाट सर्व सम्मत रुपमा छनौट १ जना अध्यक्ष, अन्य सहभागी सदस्य रहनेछन् । आमा समुहको सदस्य सचिवको काम महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकाले गर्नेछन् ।

### ५. महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकाको छनौटः

महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकाको छनौटमा संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिका/FCHVs Strategy 2076 र नगरपालिकाको देहाय बमोजिमको मापदण्ड पुरा भएको हुनु पर्नेछ।

(क) महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्ने महिला सम्बन्धित वडा र टोलको स्थायी बासिन्दा र आमा समुहको सदस्य हुनुपर्नेछ ।

(ख) कम्तीमा ५ बर्ष स्वयंसेवक भई सेवा गर्न ईच्छुक रहेको प्रतिबद्धता गरेको हुनुपर्ने ।

(ग) उमेर २५ वर्ष पुरा गरी ४५ वर्ष ननाघेको विवहित महिला हुनुपर्ने ।

(घ) कम्तिमा SLC वा SEE उत्तिर्ण गरेको हुनुपर्ने ।

(ङ) राजनितिमा नलागेको र कुनै पनी राजनितिक पदमा बहाल वा लाभको पदमा बहाल नरहेको हुनुपर्नेछ ।

(च) सरकारी तथा गैरसरकारी संस्थाको कर्मचारी नभएको हुनुपर्नेछ ।

(छ) फौजदारी अभियोगमा कसुरदार नभएको हुनुपर्नेछ ।

(ज) मानसिक सन्तुलन ठिक भएको हुनुपर्नेछ ।

(झ) परिवारको मन्जुरी लिएको हुनुपर्नेछ ।

(ञ) तोकिएको ढाँचामा निवेदन लिई सम्बन्धित आमा समुहबाट छनौट भई स्वास्थ्य संस्था र वडाको सिफारिस भएको हुनुपर्नेछ

(ट) सिमान्तकृत, लोपोन्मुख बर्ग तथा सेवाको पहुँच वाट टाढा रहेका महिलालाई प्राथमिकता दिईनेछ ।

(ठ) निवेदकहरु एक भन्दा धेरै भएमा सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख र वडा प्रतिनिधीको रोहबरमा सेवा क्षेत्र भित्रका आमा समुह मध्येका अधिकतम सदस्यहरुले छानेको महिला स्वास्थ्य स्वयंसेविका चयन गर्न सकिने छ ।

**(नोटः यस कार्यविधि प्रारम्भ हुदाको बखत महिला सामुदयिक स्वास्थ्य स्वयंसेविका नियम ५ को उपनियम (ङ), (च) बमोजिम भएको पाईएमा कार्यविधि प्रारम्भ भएको मितिले २ महिना भित्र स्वेच्छिक अवकासमा जानुपर्नेछ, अन्यथा सेवा अवधी समाप्त भएको मानिनेछ ।)**

## ६. <u>महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकाको काम कर्तव्य र जिम्मेवारीः</u>

(क) तोकिएको कार्यक्षेत्र भित्रका सम्पुर्ण घरधुरी, उमेर समुहको जनसंख्या, प्रजनन् उमेरका महिलाहरुको संख्या लगायत सम्पुर्ण जनसंख्याको लागत विवरण राख्नुपर्नेछ ।

(ख) सम्बन्धित स्वास्थ्य संस्था, वडा र नगरपालिकाको मातहतमा रहि सेवा दिनुपर्नेछ ।

(ग) नेपाल सरकारले तोकेको सम्पुर्ण स्वास्थ्य सम्बन्धी क्रियाकलपमा सहभागी भई सेवा गर्नुपर्नेछ ।

(घ) गाँउघर क्लिनिक, खोप क्लिनिक तथा राष्ट्रिय अभियानहरुमा सहभागी भई सहयोग गर्नुपर्नेछ ।

(ङ) हरेक महिनाको अन्त्यमा आफुले गरेका क्रियाकलापहरुको मासिक प्रगति प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्थामा पेश गर्नुपर्नेछ ।

(च) नेपाल सरकारले स्थानीय स्तरमा प्रदान गर्ने स्वास्थ्य सेवा (जस्तैः गर्भवतीलाई आईरन चक्की वितरण, अस्थायी परिवार नियोजनका साधनहरु वितरण, समान्य झाडापखाला, रुघाखोकी, ज्वरो जस्ता रोगहरुको समान्य उपचार तथा धरेलु उपचार, परामर्श तथा प्रेषण) हरुलाई निरन्तर रुपमा सेवा प्रवाह गर्नुपर्नेछ ।

(छ) महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकालाई पायक पर्ने गाँउ टोल र आवश्यकता अनुसार खटाउदा बाधा पर्नेछैन ।

(ज) नगर कार्यपालिकाले घरधुरी, जनसंख्या, गाँउ र टोल एकिन गरी महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकाको संख्या र कार्यक्षेत्र तोक्न सक्नेछ ।

(झ) महिला सामुदयिक स्वास्थ्य स्वंयसेविकाले पालना गर्ने आचारसंहिता अनुसुचि-१ बमोजिम हुनेछ ।

## ७. <u>स्वयंसेविकाको बिदाई सम्बन्धी व्यवस्थाः</u>

(क) महिला सामुदयिक स्वास्थ्य स्वंयसेविकाको कर्य अवधि उमेर हद ६० वर्ष हुनेछ ।यदि कसैले ६० वर्षको उमेर पछि पनि स्वयंसेवा गर्न चाहेमा केन्द्र, प्रदेश र स्थानीय सरकार वाट प्राप्त हुने सेवा सुविधाहरु प्रदान गरिनेछैन ।

(ख) दफा ५ अनुसार छनौट भई कार्यरत रहेका महिला स्वास्थ्य स्वंयसेविकाको देहयको अवस्थामा सेवा वाट विदाई हुनेछन् ।

- स्वयंसेविकाले आमा समुह समक्ष सेवा छोड्ने ईच्छा जाहेर गरी राजिनामा दिएमा, (कुनै महिला स्वास्थ्य स्वयंसेविकाले कुनै पनि कारणले सेवा गर्न नसक्ने भएमा आवश्यक कारण खुलाई सम्बन्धित आमा समुहमा राजिनामा पेश गर्नुपर्नेछ र स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मी र स्थानिय जनप्रतिनिधीको सहजिकरणमा स्वास्थ्य आमा समुहले राजिनामा स्वीकृत गरेपछि सेवा मुक्त भएको मानिनेछ ।)
- ६० वर्ष उमेर पुरा भएमा
- प्रत्येक ५ वर्षमा आमा समुह वाट पूनः छनौट नभएमा
- राजनैतिक एवं कुनै पनी सरकारी वा अन्य संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन भएमा
- तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ९० प्रतिशत भन्दा कम अवधि वसोवास नगरेको अवस्था रहेमा ।

## ८. <u>पद रिक्त हुने अवस्था</u>

(क) स्वयंसेविकाको सेवा देहायका आधारमा पद रिक्त भएको मानिनेछ ।

- स्वयंसेविकाको भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा,
- नेपाल सरकारले गैर कानुनी मानेको कार्यमा संलग्न, फौजदारी अभियोग, भ्रष्टाचार, अनुशासनको उलङ्घन तथा नैतिक पतन देखिने कार्य गरेमा,
- जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहि कतैवाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ति लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाईएमा,
- मानसिक सन्तुलन गुमाएमा, अथवा शारिरिक असक्तताका कारण असमर्थ भएमा,
- बसाईसराई गरी अर्को स्थानमा गएमा,
- स्वयंसेविकाले गर्ने कामकाजको सेवा सन्तोष जनक नभएको ठहरी आमा समुहको निर्णय र सिफरिस भई आएमा,
- स्वयंसेविकाको भुमिका निर्वाह गर्न अनिच्छुक भई राजिनामा दिएमा ।
- मृत्यू भएमा,

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले विना सुचना लगातार ३ महिना सम्म स्वास्थ्य आमा समुहको बैठक नराखेमा (अनुपस्थित भएमा) वा मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्ध हुनेछ ।

## परिच्छेद —३
## सेवा सुविधा सम्बन्धी व्यबस्था

९. <u>सेवा तथा सुविधाः</u>

(क) स्वयंसेविकाले कुनै पनि किसिमको मासिक पारिश्रमिक तलब तथा अन्य सुविधा दाबि गर्न पाउने छैन ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि केन्द्र सरकारले प्रदान गरेको सेवा सुविधा सँगसगै थप सेवा सुविधा, स्थानीय सरकारले स्वयंसेविकालाइ प्रदान गरेको मासिक यातायात सुबिधा,आमा समुहको बैठक संचालन, मासिक बैठकमा उपस्थिति भई प्रतिवेदन पेश गरेको, खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालन, तथा समुदायमा स्वास्थ्य क्षेत्रको स्तर उन्नती गर्न सहयोग जस्ता क्रियाकलाप गरे वापतको यातायात लगात प्रप्त गर्ने सुविधा बैंक मार्फत उपलब्ध गराईने छ ।

(ग) उमेर पुगी (६० वर्ष) वा स्वच्छिक विदाई हुदा स्वयंसेविकालाई प्रोत्साहन स्वरुप सेवा सुविधा उपलब्ध गराईनेछ ।

(घ) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन नगरपालिकाको स्वीकृती लिई कुनै संघ संस्थाले स्वयंसेविकालाई प्रोत्साहित गर्न तथा स्वास्थ्य सम्बन्धी काममा लगाउन सक्नेछ ।

(ङ) उपदफा (ख), (ग), (घ) मा लेखिएको कुराहरुका सम्बन्धमा अनुसुची -२ अनुसार सेवा सुविधा प्रदान गरिनेछ ।

(च) नगरपालिकाले समय/परिस्थिति अनुकुल स्वयंसेविकाको सेवा सुविधामा बृद्धि तथा थप गर्दै लग्नेछ ।(जस्तैः सम्मानजनक विदाई, यातायात खर्च, खाजा खर्च, स्वास्थ्य विमा, पुरस्कार रकम आदि)

(छ) उपदफा (ख), (ग), (घ) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ८ बमोजिम सेवा मुक्त/रद्ध भएको अवश्थामा कुनै प्रकारको सेवा सुविधा उपलब्ध गराईने छैन ।

## परिच्छेद —३
## विवध

१०. <u>थपघट, हेरफेर तथा अन्य छुट विषयः</u>

यस कार्यविधिमा उल्लेख नभएका वा समाबेस नभएका विषयको सम्बन्धमा नगरको आवश्यकता, प्राथमिकता एवं सन्दर्भ समेतलाई मध्य नजर गरी बारबर्दिया नगरपालिकाले यस कार्यबिधिमा थपघट,हेरफेर तथा संसोधन गर्न सक्छ ।र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

११. <u>बाधा अड्काय फुकाउः</u>

यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा आई परेमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१२. संशोधन, बचाउ तथा खारेजीः**

(क) यस कार्यविधिमा ब्यबस्था भएका कुराहरु, स्थानिय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हद सम्म स्वतह अमान्य हुनेछ ।

(ख) यो कार्यविधि लागु हुनु भन्दा पहिले भए गरेका कामहरु बारबर्दिया नगरपालिका अन्तर्गत संचालित कार्यक्रम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(ग) बारबर्दिया नगरपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा थपघट र खारेजी गर्नेछ ।

## अनुसुची -१

## दफा ६ को उपदफा (झ) संग सम्बन्धित

### महिला सामुदयिक स्वास्थ्य स्वंयसेविकाले पालना गर्ने आचारसंहिता तथा प्रतिवद्धता

(क) स्वयंसेवि भावले समुदायको स्वास्थ्य अधिकार र पहुँचलाई मुलमन्त्र मानि नैतिकता, ईमान्दारीता, र उच्च मनोवलका साथ कार्य गर्नेछु ।

(ख) आफ्नो सिप र ज्ञानको उपयुक्त रुपमा सदुपयोग गरी विभिन्न स्वास्थ्यको कार्यक्रममा संलग्न भई समुदाय स्वास्थ्य सेवाको प्रबर्द्धन गर्नेछु ।

(ग) आफु सम्बद्ध स्वास्थ्य आमा समुह प्रति ईमान्दारी, जवाफदेहि तथा प्रतिबद्ध भई पुर्ण रुपमा कार्य गर्नेछु ।

(घ) स्वयंसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाईको प्रवर्द्धन गर्नेछु ।

(ङ) सिकेका ज्ञान र सिपको समुचित प्रयोग गरी जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिक वाट स्वास्थ्य सेवालिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रवर्द्धन गर्न लगाउनेछु ।

(च) समुदायसँगको ब्यबहारमा सधै बिनम्र रुपमा सहयोगी हुनेछु ।

(छ) सेवाग्राहीको गोपनियता कायम गर्नेछु ।

(ज) आर्जित ज्ञान र सिपलाई सहि सदुपयोग गरी आमा शिशुको स्वास्थ्य उत्थानमा आफ्नो हृदयदेखि नै लाग्नेछु ।

(झ) स्वास्थ्य आमा समुहलाई सशक्तिकरण गर्न तथा स्वास्थ्य सेवा सुदृढगर्न यथासक्य कोसिस गर्नेछु ।

(ञ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको भावना र मर्म अनुसार यसको दिगोपना र प्रयोगमा सहभागी हुनेछु ।

(ट) समुदाय तथा ब्यक्तिको मान्यता र संस्कृतिलाई कदर गरी पक्षपात रहित सेवा दिनेछु ।

(ठ) स्वास्थ्य क्षेत्रमा संचालित अभियान कार्यक्रममा सक्रिय रुपले सहभागी हुनेछु ।

(ड) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने निति, नियम तथा संघ, प्रदेश र नगरपालिका अन्तर्गत संचालित कार्यक्रमहरुलाई प्राथमिकताका साथ सम्पिन्न गर्नेछु ।

(ढ) जात,लिङ्ग,धर्म,भाषा, रङ्ग,उमेर,शारिरि असक्षमता,राजनैतिक विचारधारा तथा अन्य कुराहरुले मेरो कार्यमा बाधा पर्ने छैन भनि बिश्वास दिलाउनेछु ।

(ण) सेवा आधारित कार्यक्रमहरु हुदा आफ्नो राजनैतिक विश्वास वारे प्रचारप्रसार गर्ने छैन ।

| **हस्ताक्षर** | **हस्ताक्षर** |
|---|---|
| **स्वास्थ्य संस्था प्रमुख** | **महिला स्वास्थ्य स्वयंसेविका** |

**मितिः २०....... साल ..................... महिना .......... गते......................... बार**

## अनुसुची -२

## दफा ९ को उपदफा (ख), (ग), (घ) संग सम्बन्धित

## स्वयंसेविकाले पाउने सेवा सुविधा

| सि.नं. | क्रियाकलाप | बर्ष/महिना/पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्वयंसेविकाको सम्मान जनक बिदाई खर्च (६० वर्ष उमेर पुरा भई राजिनामा स्वीकृत भएकोका हकमा मात्र) | १ पटक | ५०,०००/- | एकमुष्ठ |
| २ | मासिक आमा समुह बैठक संचालन, मासिक प्रतिवेदन तथा बैठक, मासिक खोप तथा गाउँघर कलिनिक संचालन कार्यक्रमको लागी यातायात खर्च | प्रति महिना | १,०००/- | अर्धवार्षिक |

**आज्ञाले**
**महेन्द्रजङ्ग शाही**
**प्रमुख प्रशासकिय अधिकृत**
**बारबर्दिया नगरपालिकाको कार्यालय,जयनगर बर्दिया**